# खुशी र पर्वको अवसरमा गरिने केही अवैध कार्यहरू

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# بعض الأمور المنكرة عند الفرح والأعياد

« باللغة النيبالية »


تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي



2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९८१४४९९१४०
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैंयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैंयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हुनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर म तिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसै माथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले केही ती कार्यहरूको बारेमा चर्चा गरेको छु जुन हाम्रो समाजमा खुशी र प्रसन्नताको अवसरमा गरिन्छ । र सबै कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

हाम्रो समाजमा यस्ता कतिपय क्रियाकलापहरू गरिन्छन् जुन इस्लामीय विधान विरुद्ध छन्, र त्यसको कुनै वैधानिक स्थान हाम्रो धर्म इस्लाममा छैन । र हाम्रा समाजका मानिसहरू यस्ता अवैधानिक कार्यहरूलाई गरेर प्रसन्न पनि हुन्छन् ।

तर के हामीले यो सोचेका छौं कि जुन कार्य हामी गरिरहेका छौं त्यो वैधानिक छ कि छैन ? वा त्यसलाई गरी हामी कदाचित अल्लाह र अल्लाहका रसूलको विरोध त गर्दैनौं ?

हे प्रिय पाठक ! यस कुरामा विचार गर, र विचार गरे पश्चात आफूलाई आफै उत्तर देऊ, र आफ्नो सुधार गर ।

तर कुरो यो उठछ कि आफ्नो सुधार कसरी गर्ने ? यसको उत्तर हो कुरआन र हदीसको अध्ययन गरी र त्यसका निर्देशनहरूलाई अपनाई हामी आफ्नो सुधार अवश्य गर्न सक्छौं । र हामीलाई इस्लामीय निर्देशनद्वारा यो ज्ञान अवश्य मिल्ने छ कि जुन कार्यहरू हाम्रो समाजमा प्रचलित छन्

ती सबै कहाँ सम्म इस्लामीय निर्देशन बमोजिम छन् ।
म यस सानो पुस्तिकामा केही यस्ता कार्यहरूको वर्णन गर्ने छु जुन अवैधानिक छन् र विशेषरूपले खुशीको मौकामा हाम्रो समाजमा प्रचलित छन् कदाचित यसबाट तपाईहरूलाई लाभ पुगोस् ।

## विवाहको शुभ अवसरमा गरिने केही अवैधानिक कार्यहरू

अल्लाहको फर्मान छ :

﴿ وَلَقَدْ أَرْسَلْنَا رُسُلًا مِّن قَبْلِكَ وَجَعَلْنَا لَهُمْ أَزْوَاجًا وَذُرِّيَّةً ۚ وَمَا كَانَ لِرَسُولٍ أَن يَأْتِيَ بِآيَةٍ إِلَّا بِإِذْنِ اللَّهِ ۗ لِكُلِّ أَجَلٍ كِتَابٌ ﴿٣٨﴾ ﴾ الرعد: ٣٨

अर्थ : हामीले तपाई भन्दा पहिला पनि धेरै पैगम्बरहरू पठाई सकेका छौं । र हामीले उनीसबैलाई बाल बच्चावाला बनाएका थियौं । कुनै रसूलबाट हुन सक्दैन्थ्यो कि कुनै निशानी बिना अल्लाहको इजाजतबाट लिएर आओस् । हरेक निश्चित वचनको एउटा लिखत छ । ( सूरतुर्रअ्द ३८ )

﴿ وَأَنكِحُوا الْأَيَامَىٰ مِنكُمْ وَالصَّالِحِينَ مِنْ عِبَادِكُمْ وَإِمَائِكُمْ ۚ إِن يَكُونُوا فُقَرَاءَ يُغْنِهِمُ اللَّهُ مِن فَضْلِهِ ۗ وَاللَّهُ وَاسِعٌ عَلِيمٌ ﴿٣٢﴾ ﴾ النور: ٣٢

अर्थ : र तिमीहरू मध्ये जो स्त्री, पुरुष अविवाहित छन् उनको विवाह गरिदिने गर, र आफ्ना गुलाम र दासीहरूको पनि जो नेक छन् (निकाह गरिदेने गर) र उनीहरू यदि गरिब छन्

भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ । ( सूरतुन्नूर ३२ )
र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : हे युवकहरूको समूह ! तिमीहरू मध्ये जसलाई पनि विवाह गर्ने क्षमता छ भने त्यो विवाह गरिहालोस् ... । ( अबू दाऊद )
विवाहको शुभ बन्धन मानवजाति माथि अल्लाहको ठूलो अनुकम्पा हो जसद्वारा मनुष्य सन्तुष्टि र शान्ति प्राप्त गर्छ, र यसको साथ साथै उसलाई एउटा यस्तो साथी मिल्छ जुन त्यसको दु:ख र सुखमा साथ दिन्छ । यदि उसलाई थकाई लाग्दछ र त्यसै अवस्थामा आफ्नो घर फर्केर आउँछ तर आफ्नो प्रियतम् साथीको मिठो स्वर सुनेर त्यसको थकाई लुप्त भइहाल्छ । र यस्तै मनुष्यको वंशलाई निरंत्रता दिनुमा त्यसको जीवन साथी अर्थात स्त्री बाहेक को छ जुन बच्चाको अमूल्य खुशीबाट गदगद गर्न सकोस् ।
अर्थात विवाहबाट जुन रिश्ता प्राप्त हुन्छ त्यो अमूल्य छ र यो अल्लाहको हामी माथि महान कृपा नै हो । त हामीलाई यो चाहियो कि हामी

यस्तो शुभ रिश्ताको शुभ अवसरमा अल्लाहको कृतज्ञता प्रकट गरौं । तर हामी खुशीको उन्मादमा सीमाबाट बाहिर निस्केर अल्लाहको अवज्ञा र अकृतज्ञता गरिहाल्छौं, र अमानवीय र अवैधानिक कार्यहरूमा परेर आफ्नो पालनकर्तालाई क्रोधित गरिहाल्छौं, जस्तोकि अधिकतम् विवाहहरूको शुभ अवसरमा देखिन्छ। सर्वप्रथम म यो वर्णन गर्न चाहन्छु कि हाम्रो समाजमा दहेजप्रथा (दाइजो) जुन कैयौं शताब्दीहरूबाट प्रचलित छ, र जसले कतिपय युवतीहरूलाई आत्महत्या गर्नुमाथि विवश गरिसकेको छ, र जसको कारणले कतिपय जनाहरू अआफ्ना केटीहरूको विवाह गर्न सकेका छैनन् र परिणाम स्वरूप ती केटीहरू आफ्नो अमूल्य ज्यान आफै लिई हाल्छिन् वा व्यभिचारतर्फ आकर्षित भई आफ्नो जीवनलाई नर्क बनाइहाल्छिन् त यस कुकर्मलाई हामी किन रोक्दैनौं ? रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : यदि तिमीहरू समक्ष कुनै यस्तो मान्छे विवाहको प्रस्तावना लिएर आउँछ जसको दीन र शिष्टाचारबाट तिमी सन्तुष्ट छौ भने त्यसको

विवाह गराइहाल नत्र यस संसारमा भीषण उत्पात र उदण्डता उत्पन्न हुनेछ। (तिर्मिजी) त इस्लामीय दृष्टिले विवाहको लागि धनको अर्थात दाइजोको अवश्यकता छैन बरु दाइजो लिनुदिनु ठूलो पाप हो जुन हाम्रो समाजमा अति प्रसन्नताले र माँग गरेर लिइन्छ । र यदि लिनेवाला यसलाई वैधानिक बुझ्छ भने प्रमाण पेश गरोस्। तर कुरो यो छ कुनै पनि मान्छे यस कुकर्मको समर्थनमा कुनै वैधानिक र मानवीय प्रमाण कदापि पेश गर्न सक्दैन।

दाइजोबाट दाइजो दिनवाला मान्छेलाई कति कष्ट पुग्छ त्यसैसित सोधेर हेर्नुस् ?

यसै दाइजोको कारण कति केटीहरू घरमा अविवाहित बसेका छिन् र मातापिता कुनै यस्तो मान्छेको प्रतिक्षामा छन् जुन बिना दाइजो उनीको केटीसित विवाह गरोस्।

हामीलाई दाइजोप्रथालाई त्यसको जरोबाट उखेल्नु पर्छ किनकि यो इस्लाम विरोधी कार्य हो । अर्थात जसबाट कसैलाई कष्ट पुगोस् वा कसैको विनाश होस् वा कसैको ज्यान जाओस् त्यो कार्य इस्लाममा ठूलो पाप घोषित छ।

रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सम्मानित साथीहरूले दाइजो जस्तो कुकर्म नत

गरे न त गर्ने आदेश गरेका छन् बरु यसबाट रोकेका छन्, तर यदि कुनै मान्छे आफ्नो केटीलाई घरमा प्रयोग गर्ने केही सामग्री दिन चाहन्छ भने कुरो वेग्लै छ। तर त्यसको लागि पनि एउटा सीमा छ कि त्यो मात्र यति मात्रामा देओस् कि गरिबलाई कष्ट नपुगोस्। अर्थात रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनमाथि पूर्णतः कार्यरत रहोस् उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " सबैभन्दा राम्रो विवाह त्यो हो जसमा सबैभन्दा कम खर्च गरियोस् "। ( अल् बैहकी )

त हे हाम्रा भइहरू ! के हाम्रो विवाह हदीस बमोजिम हुन्छ ? आफै विचार गर्नुस्।

यस्तै विवाहको शुभ अवसरमा केटा अर्थात दुलहाको पिता दुलहीको घरमा बरात लिएर अउँछ अर्थात १०० वा २०० मान्छेहरूको समूह लिएर आउँछ यो कहाँको निसाफ हो र यो कुन प्रमाणबाट जायज छ ?

यो इस्लामीय विधानानुसार कदापि जायज छैन। इस्लामीय विधानानुसार विवाहको लागि दुलहीको वली पिता, बाजे ... आदि र दुईवटा गवाह साक्षी प्रयाप्त छन् अरु कसैको अवश्यकता छैन

कसैको उपस्थिति अनिवार्य छैन । यसर्थ सै दुई सैको जत्था ल्याउनु कहाँको इस्लाम हो ?

यसर्थ यस घृणित रीतिलाई हामीले त्याग्नु पर्छ, र इस्लामीय निर्देशन बमोजिम साधारण तरिकाले विवाहको आयोजना गर्नुपर्छ यसैमा हाम्रो र समाजको कल्याण नीहित छ ।

इस्लामीय निर्देशनबाट बरातको कुनै प्रमाण छैन यसकारण विवाहको यो कुरीतिलाई छाडि इस्लामीय तरिकाले विवाह गर्नुपर्छ यो नै शुद्ध इस्लाम हो ।

तर यदि दुई चार जना गएर निकाह गराएर दुलहीलाई बिदाई गराएर ल्याउँछन् भने यसमा कुनै आपत्ति छैन तर ठूलो समूह लिएर जानु सरासर अवैधानिक हो ।

यस्तै महर दिने बेलामा महर नदिई स्वास्नीसित जबरजस्ती माफ गराउनु र तयसको हकलाई खोसेर खाइदिनु ठूलो पाप हो र हाम्रो समाजमा यो कुरीति पनि युगौं युगौंदेखि चलिआएको छ । तर यो कार्य पनि घृणित कार्यहरू मध्ये एक हो यो पनि इस्लाममा जायज छैन, किनकि महर मात्र दुलहीको हक हो त्यसमा कसैको हक लाग्दैन चाहे त्यो त्यसको लोग्ने किन नहोस् । यसर्थ इस्लामले यो अधिकार कसैलाई दिएको

छैन कि त्यसको यो एकलौटी हकलाई खोसोस् र अनुचित तरिकाले त्यसलाई खाइदेओस् ।
जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَءَاتُوا۟ ٱلنِّسَآءَ صَدُقَـٰتِهِنَّ نِحْلَةً ۚ فَإِن طِبْنَ لَكُمْ عَن شَىْءٍ مِّنْهُ نَفْسًا فَكُلُوهُ هَنِيٓـًٔا مَّرِيٓـًٔا ﴿٤﴾ ﴾ النساء: ٤

अर्थ : र स्वास्नीहरूलाई तिनका महर राजी खुशीपूर्वक दिइहाल तर हो, यदि तिनीहरू आफ्नै राजिखुशीले केही अंश छाडि दिन्छन् भने खुशीपूर्वक त्यसलाई खान-पिन गर । ( सूरतुन्निसा ४ )
यस्तै विवाह जस्तो खुशीको मौकामा मात्र सम्पन्न र समृद्ध व्यक्तिहरूलाई आमन्त्रित गर्नु र असहाय र गरीबहरूलाई बिर्सिदिनु पनि अवैधानिक र अपराधको कार्य हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : सबैभन्दा नराम्रो वलीमा (विवाह भोज) त्यो हो जसमा सम्पन्नहरूलाई आमन्त्रित गरियोस् र गरिबहरूलाई त्यसबाट वंचित राखियोस् । ( अबू दाऊद )
यसर्थ हे भाइ ! यस्तो कुकर्म र विभाजनबाट टाढा नै रही आफ्नो प्रिय नबीको आदेशको

पालना गरी स्वर्गको अधिकारी बन्नु, नत्र नर्कको आगोमा प्रवेश हुनुबाट कुनै समृद्ध तपाईलाई बचाउन सक्दैन । तिमीहरू गरिबमाथि दया गर अल्लाह तिमीमाथि दया गर्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अअर्थ : तिमी धरतीमा बस्नेहरुमाथि दया गर तिमीमाथि त्यो दया गर्नेछ जुन आकाशमा छ । ( मुस्नद अहमद )

यस्तै विवाहको शुभ अवसरमा कतिपयजना ठूला ठूला लागतले बनेका अभूषणहरू वा लाखौं करोडौंका सम्पत्तिहरू महरमा दिन्छन् । त यो पनि इस्लामीय विधान विरुद्ध छ, महर यति हुनुपर्छ जतिबाट कुनै गरिबको हृदय नदुखोस् र हाम्रो निर्धन भाइ पनि आफ्नो छोरीको विवाह गर्न सकोस्, किनकि महर जति कम हुन्छ त्यति नै इस्लामीय विधानानुसार हुन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सम्मानित साथीहरू महरमा अधिक राशि दिदैन्थे बरु एउटा सहाबीले जब २६० दिरहम महरमा दिएको कुराको समाचार पाए त क्रोधित भएका थिए । र भनेका थिए: “ यस्तो लाग्दछ कि तिमी यो पर्वतबाट चाँदी झिकि राखेका छौ” । र यो पनि ज्ञात रहोस् कि सहाबाहरूमा उसमान गनी

रजिअल्लाहो अन्हो जस्तो समृद्ध पनि थिए जिनको अपार धनको कारण नै उनलाई गनी भनिन्थ्यो जसको अर्थ नै समृद्ध हो तर उहाँले पनि महरमा अधिक राशि दिएनन् किनकि यो मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको निर्देशन विरुद्ध छ ।

त हे हाम्रा साथी भाइहरू ! आफै विचार गर कि दुईसय साठी दिरहम कति हुन्छ ? यो त्यस समयको रुपैयाँ हो तै पनि रसूल सल्लल्लाहो अलैहे वसल्लम क्रोधित भएका थिए । र हामी आज के गरिरहेका छौं लाखौं रुपैयाँ यसैमा लगाएर अरुको मार्गलाई कष्टमय बनाइरहेका छौं हे भाइ अहिले पनि समय बाँकी छ सत्मार्ग अपनाइ आफ्नो र समाजको कल्याण गर ।

यस्तै विवाहको सुअवसरमा हाम्रो समाजमा नाचगान पनि गरिन्छ जुन ठूलो पाप हो किनकि यो शैतानी कार्य हो । यसर्थ यसबाट टाढा रहनुमा नै हाम्रो लाभ नीहित छ नत्र हाम्रो कानमा पनि पगलेको शिशा हालिनेछ, अनि कोही पनि हाम्रो सहायता गर्नेवाला छैन नत हाम्रो धन सम्पत्ति नत सन्तानहरू यसर्थ यस्ता शैतानी र काफिरहरूको कार्यबाट टाढा नै रहनु र

इस्लामको निर्देशन बमोजिम आफ्नो जीवन व्यतीत गर्ने प्रयत्न गर्नु ।

आज हाम्रो समाजमा बैन्डबाजा लिएर र एउटा नाच्नेवाली लिएर मात्र विवाह सम्पन्न गरिन्छ र केटाको पिता भन्छ यदि मैले यो कुकर्म गरेन भने समाजका साथीहरू के भन्छन् ?

हे भाइ ! तिमीलाई आफ्ना समाजका काफिरहरूको भय छ तर त्यस परम् पुज्यको भय छैन जसले तिमीलाई यो सुअवसर प्रदान गरेको छ । तिमी आफ्नो दृष्टि उठाएर यस संसारमा हेर कतिपय तिमी जस्ता समृद्ध छन् जुन आज सम्म स्वास्नीको मुख हेरे छैनन् बरु यस अनुकम्पाबाट वंचित छन् तर तपाईलाई अल्लाहले यस अनुकम्पाबाट धन्य गरेको अवसरमा त्यसको अकृतज्ञता नगर नत्र तिमीलाई पनि यसबाट वंचित गरिने छ ।

यस्तै विवाहको शुभ अवसरमा फोटो बनाउनु पनि अवैधानिक कार्य हो । हाम्रो समाजमा फोटो खिँच्नु, दुलहाले सेहरा लगाउनु, दुलहा दुलहीलाई एउटै ठाउँमा बसाल्नु दुवैलाई एउटै पान खुवाउनु ... आदि यस्ता अनेकौं बिदअत र अप्रमाणित कार्यहरू गरिन्छ जसको इस्लामबाट दूरदूर सम्म कुनै सरोकार नै छैन ।

हे भाइ मैले वर्णन गरेका समस्त घृणित कार्यहरूबाट अवश्य बच्नु र आफ्ना सन्तानहरूलाई पनि बाँच्ने वसीयत गर्नु किनकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ قُوٓا۟ أَنفُسَكُمْ وَأَهْلِيكُمْ نَارًا وَقُودُهَا ٱلنَّاسُ وَٱلْحِجَارَةُ عَلَيْهَا مَلَٰٓئِكَةٌ غِلَاظٌ شِدَادٌ لَّا يَعْصُونَ ٱللَّهَ مَآ أَمَرَهُمْ وَيَفْعَلُونَ مَا يُؤْمَرُونَ ﴿٦﴾ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

अल्लाह हामी सबैलाई यस्तो कुकर्महरूबाट सुरक्षित राखुन् (आमीन)

## ईद (चाडपर्व) को सुअवसरमा गरिने केही अवैधानिक कार्यहरू

ईदको खुशीको अवसरमा पनि कतिपयजना हराम र अमानवीय कार्यहरू गर्छन् । जस्तो कि ईदको रात्रीमा नचगानको आयोजना गर्नु चलचित्रहरू हेर्नु, पटाका पडकाउनु ... आदि । त उपरोक्तका समस्त कार्यहरू अवैध छन् र ती समस्त कार्यहरू गैर मुस्लिमले गर्ने कार्यहरू हुन् यसको इस्लाममा कुनै स्थान छैन । र यी समस्त कार्यहरू अमानवीय हुनुको साथ साथै व्यर्थको खर्च हो । अल्लाहको फर्मान छ :

﴿ وَكُلُوا۟ وَٱشْرَبُوا۟ وَلَا تُسْرِفُوٓا۟ ۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلْمُسْرِفِينَ ﴿٣١﴾

﴾ الأعراف: ٣١

अर्थ : र प्रयाप्त खाने पिउने गर तर सीमाभन्दा अघि नबढ । नि:सन्देह अल्लाह सीमाभन्दा अघि बढ्नेलाई मन पराउँदैन । ( सूरतुल् अअ्राफ ३१ )

﴿ إِنَّ ٱلْمُبَذِّرِينَ كَانُوٓا۟ إِخْوَٰنَ ٱلشَّيَـٰطِينِ ۖ وَكَانَ ٱلشَّيْطَـٰنُ لِرَبِّهِۦ كَفُورًا ﴿٢٧﴾ ﴾ الإسراء: ٢٧

अर्थ : फाल्तू खर्च गर्नेहरू त शैतानका दाजुभाइहरू हुन् र शैतान आफ्नो पालनहारको प्रति ठूलो कृतध्न छ । ( सूरतुल् इस्रा २७ )

त पटाका त हिन्दूहरू आफ्नो पर्व दीपावलीको अवसरमा पडकाउँछन् र यस्तै नाचगान पनि हिन्दूहरू नै आफ्ना विवाह तिहार र आदिमा गर्छन् । तर मुसलमानहरूको लागि यो कार्य वैध छैन चाहे त्यो ईदको सुअवसर होस् वा कुर्बानीको अवसर । बरु इस्लाम हामीलाई यो आदेश गर्छ कि हामी अल्लाहको गुणगान गरौं र त्यसको पवित्रताको गुणगान गरेर त्यसको कृतज्ञता प्रकट गरौं । र साथै असहाय गरिबगुरबाको सहायता गरौं । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " तिमीहरू पृथ्वीमा भएकाहरू मथि दया गर तिमीहरू माथि त्यो दया गर्नेछ जुन आकाशमा छ " । ( मुस्नद अहमद )

यसर्थ खासगरी ईदको सुअवसरमा गरिबहरूको सहायता गर्नु अति राम्रो र सराहनीय कार्य मध्ये एक हो ।

त ईदको दिन राम्रो लुगा लगाएर अल्लाहको गुणगान गर्दै ईदगाह जानु उचित हो, र नमाज पछि विनम्रताको साथ अल्लाहको कृतज्ञता प्रकट

गर्दै आफ्ना भाइहरूसित मिल्नु र उनीलाई बधाइ दिनु नै उत्तम कार्य हो र इस्लामीय निर्देशन अनुकूल पनि ।

तर कतिपयजना ईदको पावन र पवित्र अवसरमा पनि कुकर्मबाट आफूलाई रोक्दैनन् र कतिपय त मदिरा सेवन पनि गर्छन् जुन जघन्य अपराध हो र शैतानी काम पनि, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾

المائدة: ٩٠

अर्थ : हे इमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइदा ९० )

त हे भाइ ! आफूलाई यस्ता शैतानी कार्यहरूबाट जोगाऊ र त्यो कार्य गर जुन तिमीलाई नर्कबाट बचाएर स्वर्गतिर लगोस् । अल्लाह हामी सबैलाई यसको सुअवसर प्रदान गरुन् ।

## दश मुहर्रमको दिन गरिने केही अवैध कार्यहरू

दश मुहर्रमको दिनलाई यौमुल् आशूरा भनिन्छ, यसै दिन हजरत मूसा अलैहिस्सलामलाई फरऔनबाट छुट्कारा (उद्धार) मिलेको थियो । यसर्थ यसैको शुभ अवसरलाई सम्झना गर्दै यहूदीहरू व्रत बस्थे, अनि जब मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम मदीनातर्फ प्रवास गरेर गए र यहूदीहरूलाई यस दिन व्रत बस्दा हेरे, र कारणको ज्ञान भए पश्चात उहाँले भने कि मूसा नबी थिए र म पनि नबी हूँ यसर्थ हामी यहूदीहरूभन्दा अधिक हकदार छौं कि यस्तो पावन अवसरमा व्रत बसौं । अनि आफ्ना समस्त अनुयायीहरूलाई आदेश गरे कि सबै व्रत बसुन् र साथै यो आदेश पनि गरे कि यहूदीहरू मात्र दश मुहर्रमको दिन व्रत बस्छन् हामी १०,११, वा ९,१० को व्रत बसौं । अर्थात हामी दुई दिन व्रत बसौं र यहूदीहरूको विरोध गरौं किनकि उनीहरू अभिशप्त समूहहरू मध्ये एक हुन् । र यस व्रतको श्रेष्ठताको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : आशूराको व्रत विगतको एक वर्षका पापहरूलाई नष्ट पारिदिन्छ । ( मुस्लिम )

तर हाम्रो समाजमा व्रत त केही मान्छे मात्र बस्छन् जुनकि वैधानिक छ, र जसलाई गर्ने रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गरेका छन् । तर अवैधानिक कार्यहरूलाई गर्नुमा अधिकतम् मानिसहरू लिप्त देखिन्छन् जसरी नाचगान, ढोल बजाउनु, ताजिया बनाउनु, भाला तरवारद्वारा आफैलाई घायल गर्नु वा भाला तरवारबाट आफ्नो शक्तिको प्रदर्शन गर्नु .... आदि ।

त ताजिया बनाउनु र त्यसलाई ढोग्नु शिर्क हो, किनकि अल्लाह बाहेक कसैलाई ढोग गर्नु कुफ्र हो नास्तिकता हो । र यस्तो कार्य गर्नेहरू यदि बिना तौबा मर्छन् भने तिनको ठेगाना नर्क नै हुनेछ । किनकि शिर्क जघन्य अपराध हो । अल्लाहको फर्मान छ :

﴿ لَقَدۡ كَفَرَ ٱلَّذِينَ قَالُوٓاْ إِنَّ ٱللَّهَ هُوَ ٱلۡمَسِيحُ ٱبۡنُ مَرۡيَمَۖ وَقَالَ ٱلۡمَسِيحُ يَٰبَنِيٓ إِسۡرَٰٓءِيلَ ٱعۡبُدُواْ ٱللَّهَ رَبِّي وَرَبَّكُمۡۖ إِنَّهُۥ مَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ حَرَّمَ ٱللَّهُ عَلَيۡهِ ٱلۡجَنَّةَ وَمَأۡوَىٰهُ ٱلنَّارُۖ وَمَا لِلظَّٰلِمِينَ مِنۡ أَنصَارٖ ٧٢ ﴾

المائدة: ٧٢

अर्थ : तिनीहरू निःसन्देह काफिर हुन् जसले भन्दछन् कि मरियमका छोरा ईसा मसीह अल्लाह हुन् जबकि मसीहले यो भन्दै गर्दथे कि हे बनी इस्राईल ! अल्लाह कै उपसाना गर जो कि मेरो पनि पालनकर्ता हो र तिम्रो पनि । जानिराख कि जसले अल्लाहसँग साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गरिदिएको छ र उसको बासस्थान नर्क हुनेछ । र पापीहरूको कोही पनि सहयोगी हुनेछैन । ( सूरतुल् माइदा ७२ )

﴿ إِنَّ ٱللَّهَ لَا يَغْفِرُ أَن يُشْرَكَ بِهِۦ وَيَغْفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ وَمَن يُشْرِكْ بِٱللَّهِ فَقَدِ ٱفْتَرَىٰٓ إِثْمًا عَظِيمًا ﴿٤٨﴾ ﴾

النساء: ٤٨

अर्थ : निःसन्देह अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन र उस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ र जसले उसँग कसैको साझेदारी ठहराउँछ, त्यसले जघन्य अपराध गर्दछ । ( सूरतुन्निसा ४८ )

र यस जस्ता अरु श्लोकहरू यस कुरालाई प्रमाणित गर्छन् कि ताजिया बनाई तयसलाई ढोग गर्नु जघन्य अपराध हो र यसबाट बाँच्नु अति आवश्यक छ ।

यसर्थ भाइ हो उपरोक्तमा वर्णन गरिएका कुकर्महरूबाट आफूलाई जोगाउनु अति जरुरी छ, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले बताएका कुराहरू माथि कार्यरत रही आफ्नो जीवन व्यतीत गर्नु नै तपाईको परम् कर्तव्य हो । अल्लाह हामी सबैलाई यसको अवसर र शक्ति प्रदान गरुन् (आमीन)

## बच्चा जन्मिने शुभ अवसरमा गरिने केही अवैधानिक कार्यहरू

बच्चा जन्मे बित्तिकै खुशीले नाच्नु गाउनु, बच्चालाई कालो धर्को बाँधनु वा कालो टीका लगाउनु, रात भरी चलचित्रहरू हेर्नु, र अकीकामा मात्र समृद्धहरूलाई आमन्त्रित गर्नु ....आदि । यी सबै अवैधानिक र अमानवीय कार्यहरू हुन् । यसर्थ यसबाट बाँच्नु सबै मुसलमानहरूको परम् कर्तव्य हो । किनकि सबै इस्लामीय विधान विरुद्ध कार्य हुन् ।

कालो टीका वा धर्को लगाउनु शिर्क हो यसले कुदृष्टिबाट बचाउँदैन बरु कुदृष्टिबाट बचाउनेवाला मात्र अल्लाह नै हो यसले गर्दा दुआको प्रयोग गर्नुस् र यस शिर्कलाई त्यागी आफ्नो दुवै जीवनलाई सफल पार्नुस् । किनकि हदीसमा वर्णन छ :

अर्थ : इम्रान बिन हुसैन रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेको हातमा धर्को हेरेर सोधे: यो के हो ? त त्यस मान्छेले भन्यो: पीडा हटाउनको लागि यसलाई हालेको छु । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यसलाई निकालीहाल यो पीडामा अभिवृद्धि गर्छ, र यदि

तिम्रो मृत्यु यसै अवस्थामा भयो भने तिमी कदापि मुक्ति पाउने छैनौं । ( मुस्नद अहमद, इब्ने माजा, इब्ने हिब्बान )

तर मात्र त्यो गर्नु वैधानिक छ जसको प्रमाण कुरआन र हदीसबाट मिल्छ जसरी इस्लामले यो आदेश दिएको छ कि शिशु जन्मे बित्तिकै त्यसको दायाँ कानमा अजान भनियोस् तर बायाँ अर्थात देब्रे कानमा अजान वा इकामत भन्नुको कुनै प्रमाण छैन । अनि बच्चालाई तहनीक गराउनु अर्थात खजूर आदि जुन मिठो पदार्थ होस् त्यसलाई आफ्नो दाँतले राम्ररी कुल्चेर बच्चाको मुखमा हाल्नु । यदि कुनै सदाचारी मान्छेबाट यो कार्य गराइन्छ भने झन् राम्रो मानिन्छ । जस्तोकि एउटा सहाबीलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफै गरेका थिए ।

अनि शिशुको जन्मको सातौं दिन त्यसको अकीका गर्नु र अकीकामा विशेषरूपले गरिबहरूलाई आमन्त्रित गर्नु अति उत्तम कुरो हो । र यी समस्त कार्यहरू हदीसबाट प्रमाणित कार्यहरू हुन् जसबाट हाम्रो र हाम्रो नवजात शिशुको उद्धार हुन सक्छ । जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि : प्रत्येक शिशु आफ्नो अकीकाद्वारा धितो राखिएको हुन्छ तसर्थ त्यसको जन्मको सातौं दिन त्यसको अकीका गरियोस् र त्यसको कपाल खौराइयोस् र त्यसको नामाकरण गरियोस् । ( मुस्नद अहमद )

यसर्थ म आफ्नो समस्त दाजुभाइहरू सित सादर अनुरोध गर्दछु कि यस पुस्तकमा वर्णित समस्त अवैधानिक कार्यहरूलाई त्यागी वैधानिक कार्यहरूलाई गर्नुको लागि दृढ प्रतिज्ञा गरुन् र यसैमा अल्लाहको प्रसन्नता खोजुन् निःसन्देह अल्लाह सबैको हृदयको कुरोलाई जान्नेवाला ज्ञाता हो ।

हे भाइ ! यो संसारिक जीवन मात्र खेलतमाशा नै हो यसको अवधि मात्र पानीको बुलबुला जति छ यसले गर्दा आजदेखि कुमार्गलाई त्यागी सुमार्गमा हिंड्ने अटोट गरिहाल, यो धन समपत्ति, सन्तान आफन्ती कोही तिम्रो काम लाग्ने छैनन् यदि तिम्रो काम लाग्नेछ त त्यो मात्र तिम्रो सुकर्म हो । यसर्थ कुरआन र हदीसलाई आफ्नो आँखाको प्रकाश बनाई स्वर्गका मार्गमा अग्रसर भइहाल अल्लाह तिम्रो विगतका समस्त पापलाई नष्ट गरिदिने छन् र आफ्नो त्यस स्वर्गको अधिकारी

बनाउने छन् जसमा नबी वली सदाचारीहरू प्रवेश पाउने छन्, र त्यसमा यस्ता यस्ता अनुकमपाहरू छन् जसको कुनै हृदय कलपना पनि गर्न सक्दैन । र अल्लाह हामीलाई ती सबै कार्यहरूबाट बचाउन् जुन हामीलाई नर्क सम्म लग्ने माध्यम बन्नेछन् त्यो नर्क जसको एउटा सर्प यदि यस संसारमा मात्र फुफ्कार मार्छ भने यस संसारमा कहिले पनि कुनै हरियो घाँसपात उब्जने छैन । र त्यसको आगो यस्तो हुन्छ कि एक थोपा टाउकोमा राखे बित्तिकै मान्छेको पाइलामा त्यसको प्रभाव हेरिन्छ अर्थात पाइलाको तल्लो भाग पानी झैं तात्नेछ । यसर्थ अल्लाह हामी सबैलाई सुमार्गमा हिंडने सौभागय प्रदान गरी नर्कबाट बचाएर स्वर्गमा स्थान प्रदान गरुन्, र हामीलाई आफ्नो प्रियतम् नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको साथ प्रदान गरुन् । र हे अल्लाह  यस जीवनमा त हामीलाई उहाँको संगत प्राप्त भएन तर मरणोपरान्त हामीलाई उहाँको साथ प्रदान गरिदेऊ, हे अल्लाह मेरो यो याचनालाई कबूल गरी समस्त मुसलमानहरूलाई आफ्नो हबीब आफ्नो प्रिय मित्र मुहम्मदको संगतको सुअवसर प्रदान गर (आमीन)

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com